**निर्णयः**

**निर्णय नं. १)** नेपालीहरुको महान चाड विजया दशमीको उपलक्ष्यमा नगरपालिकाको तर्फबाट समस्त नगरवासीहरुमा सुख, स्वास्थ्य र समृद्धिको कामना सहित शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. २)** यस नगरपालिकाको विपद् व्यवस्थापन समितिबाट आकस्मिक रुपमा खर्च भएका तपसील बमोजिमका शिर्षकहरुको भुक्तानी गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय भए अनुसार सो लाई स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | शीर्षक | ठेगाना | रकम |
|---|---|---|---|
| १ | पिठुवा जल सिंचाई आयोजना | रत्ननगर– १६ | १०,६८०।०० |
| २ | मुनाल टोल विकास संस्था लगायत अन्य टोल विकास संस्थाको बाटोमा मर्मत | रत्ननगर– १६ | ३१,२५०।०० |
| ३ | बछ्यौली कुलोमा बाढीबाट भएको क्षति (३३ मीटर) मर्मत | रत्ननगर– ६ | १,११,७८५।०० |
| ४ | ड्याक र मिस्टी नेपाल अगाडीको बाटोमा भएको खाल्टाखुल्टी क्षति मर्मत | रत्ननगर–६ | २,०१,९००।०० |
| ५ | विएफी महतोलाई आर्थिक सहयोग | रत्ननगर– ७ | २५,०००।०० |
| ६ | राउत टोल देखि पश्चिम तर्फको कुलो निर्माण | रत्ननगर– ७ | ६,५८८।०० |
| ७ | विपद् व्यवस्थापन तालिम | रत्ननगर | १,५०,०००।०० |
| | | **कुल जम्मा** (रु.) | **५,३७,२०३।००** |

**निर्णय नं. ३)** यस नगरपालिकामा कार्यरत सामाजिक परिचालकहरुको वडा तथा नगरपालिकाबाट प्रमाणित हाजिरको आधारमा मिति २०७५।०४।०१ देखिबाट लागु हुने गरी दैनिक ज्यालादारी अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४)** यस नगरपालिकाबाट निर्मित सौराहा चोक टाँडी बसपार्कमा Parking Management का लागि Volunteer को रुपमा काम गर्ने गरी भाद्रदेखि खटाइएका श्री राजेन्द्र तमाङ्ग र श्री मोहन गजुरेललाई असोज १ गतेदेखि दैनिक ज्यालादारीको आधारमा पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५)** यस नगरपालिका र वडा कार्यालयको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि तपसील बमोजिमको कर्मचारी संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गरी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६)** यस रत्ननगर नगरपालिका अन्तर्गतका सहकारी संघसंस्थाहरुलाई प्रभावकारी रुपमा नियमन तथा व्यवस्थापनका लागि तपसिल बमोजिमको “रत्ननगर नगरपालिका अन्तर्गतका सहकारी संघ/ संस्थाहरुको जरिवाना सम्बन्धि व्यवस्था, २०७५ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

## रत्ननगर नगरपालिका अन्तर्गतका सहकारी संघ/संस्थाहरुको जरिवाना सम्बन्धि व्यवस्था

**पृष्ठभूमी :** रत्ननगर नगरपालिकाभित्रका कार्यक्षेत्र रही “रत्ननगर सहकारी ऐन”, २०७५ अनुसार संचालित वा नयाँ दर्ता भई संचालन भएका सहकारी संघ/संस्थाहरुलाई समयमै मासिक तथा वार्षिक प्रतिवेदन यस कार्यालयमा पेश नहुने कारणले उचित दण्ड/जरिवानाको व्यवस्थाले संस्थालाई उपयुक्त दिशा निर्देशन गरी कानुनी प्रकृयाको पालनाको नियमितता तथा संस्था संचालनमा प्रभावकारीमा अभिवृद्धि गर्ने उद्देश्यले यस रत्ननगर नगरपालिकाले सहकारी संघ/संस्थाहरुको जरिवाना सम्बन्धि व्यवस्था गरिएको हो ।

**जरिवानाका व्यवस्थाहरु**

**१. मासिक प्रतिवेदन पेशमा विलम्ब जरिवाना :**

- संस्थाको आर्थिक कारोवार एक करोड रुपैंया वा सो भन्दा बढि भएमा प्रत्येक महिनाको पहिलो हप्ताभित्र अघिल्लो महिनाको अन्तिम सम्मको मासिक प्रतिवेदन रत्ननगर नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।
- उक्त समयभित्र प्रतिवेदन नबुझाएको खण्डमा दोश्रो हप्तासम्म बुझाउँदा रु. ५००/–, तेश्रो हप्तासम्म बुझाउँदा रु १,०००/–, चौथो हप्तासम्म बुझाउँदा रु. १,५००/– र अर्को महिनामा बुझाउँदा रु. २,०००/– तथा प्रति महिना रु. ५००/– थप हुँदौ जरिवाना कार्यालयमा बुझाउनु पर्नेछ ।
- तर संस्थाको आर्थिक कारोबार एक करोड रुपैंया भन्दा कम भएको हकमा प्रत्येक महिनाको १५( पन्ध्र) दिन भित्र अघिल्लो महिनाको अन्तिमसम्मको मासिक प्रतिवेदन रत्ननगर नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।
- त्यस्ता कम कारोबार भएका संस्थाको हकमा विलम्ब शुल्क मासिक रुपमा रु. ५००/– का दरले थप हुँदै कायम हुनेछ । जसमा सो महिनाको १५(पन्ध्र) दिन पछिको महिनाभरको विलम्ब जरिवाना छुट गरिनेछ ।

**२. वार्षिक प्रतिवेदन पेशमा तथा लेखा परीक्षण कार्यमा विलम्ब जरिवाना :**

- यस रत्ननगर नगरपालिका कार्यक्षेत्र भित्र रहि संचालित सहकारी संघ/संस्थाहरुले पौष मसान्तभित्र यस कार्यालयमा आफ्नो वार्षिक साधारण सभा र लेखा परिक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- उक्त समयवधि भित्र प्रतिवेदन पशे नगरेको खण्डमा प्रत्येक महिना विलम्ब जरिवाना शुल्क वापत रु. १,०००/– थप गरिदै जानेछ र सो रकम सम्बन्धित संस्थाले यस कार्यालयमा दाखिला नगरेसम्म उक्त प्रतिवेदन दर्ता गरिनेछैन ।
- यस रत्ननर नगरपालिका भित्र कार्यक्षेत्र राखी संचालित सहकारी संघ/संस्थाहरुले गत आ.व.को लेखापरीक्षण यस आ.व.को असोज मसान्त (तीन महिना) सम्ममा गरिसक्नु पर्ने छ, अन्यथा प्रति महिना रु. १,०००/– थप गरिदै विलम्ब जरिवाना लगाइने छ ।

**३. जरिवाना सम्बन्धि अन्य व्यवस्था :** जरिवाना सम्बन्धि अन्य व्यवस्था समयानुकुल नियमानुसार थप गरिदै लागु गरिनेछ ।

**निर्णय नं. ७)** यस नगरपालिकाको वडा नं. ३ को वडा कार्यालय निर्माणमा जनसहभागिता वापत रु. २,००,०००।०० (दुई लाख मात्र) राखी सम्झौता भएको तर नगर कार्यपालिकाको मिति २०७५।०४।०४ को निर्णय अनुसार वडा कार्यालय निर्माणमा जनसहभागिता नउठ्ने हुँदा जनसहभागिता वापतको रु. २,००,०००।०० (दुई लाख मात्र) भुक्तानी गर्ने भनी निर्णय भएको हुँदा उक्त रकम न.पा. आकस्मिक कोष तथा पूर्वाधार निर्माण शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८)** यस रत्ननगर नगरपालिकामा कृषकहरुले उत्पादन गरेका फलफूल तथा तरकारी सहकारी संस्था मार्फत बजार प्रवर्द्धन गर्ने उद्देश्यका साथ रत्ननगर नगरपालिका र सहकारी बजार विकास कार्यक्रम बिच मिति २०७५।०६।२३ गते भएको MOU अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९)** यस रत्ननगर नगरपालिका वडा नं. १४ स्थित शालिक राम शर्माको नाममा दर्ता रहेको श्री नवदुर्गा ईट्टा उद्योगलाई नविकरणका लागि सिफारिस गरिदिने निर्णय गरियो ।

**निर्णय नं. १०)** यस रत्ननगर नगरपालिकामा तपसिलका संस्थाहरुलाई 'घ' वर्गका निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गरिएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

१) स्काईलाइन विल्डर्स प्रा.लि., र.न.पा. १३

२) पवन विल्डर्स, र.न.पा. ९
३) चौधरी निर्माण सेवा, र.न.पा. १०
४) अधिकारी निर्माण सेवा, र.न.पा. १४